# आमाको सपना कवितामा प्रयुक्त वैचारिकता

✹बद्रीप्रसाद ढकाल
**bbiibash@gmail.com**

*अध्ययनसार*

गोपालप्रसाद रिमालको 'आमाको सपना' कवितामा प्रयुक्त क्रान्तिचेत, स्वतन्त्रता र राष्ट्रिय भाव वा वैचारिक पक्ष प्रबल भएर देखापरेको पाइन्छ । उनका कवितामा प्रयुक्त शब्द बिम्ब, प्रतीक, भाव र अर्थमा सुन्दर संयोजन छ । उनका कवितामा संवेदना, हार्दिकता एवम् कलात्मकताको सुन्दर संयोजन पनि छ । मूलतः नेपाली समाज र नेपाली मात्र नभई समस्त मानव सभ्यताको उत्पीडन विरुद्ध विद्रोहको स्वर उनका कवितामा पाइन्छन् । रिमालको सृजनात्मक व्यक्तित्व अन्याय र अत्याचारका विरुद्ध हरदम सजगतापूर्ण ढङ्गले उपस्थित छ । राष्ट्रवादी विचारको अभिव्यक्ति, आशावादी जीवनदृष्टि, प्रकृति चित्रण, विद्रोही भाव, यथार्थको चित्रण, प्रणय-प्रेमको चित्रण, प्रगतिवादी चेतना, मानवतावादी विचारको अभिव्यक्ति, साझा संवेदना, मानवीय अनुभूति, जीवनवादी दृष्टिकोण, विचारमा स्पष्टता, परिष्कार आदि उनका कवितात्मक विशेषताहरू हुन् भन्ने निष्कर्ष अध्ययनबाट प्राप्त भएको छ । उनका रचनाहरूमा राष्ट्रवादी विचार, प्रकृति चित्रण, सामाजिक यथार्थता, मानवतावादी स्वर, समसामयिक चेतना, प्रगतिवादी चेतना, व्यङ्ग्यात्मकता आदि प्रवृत्तिहरू पाइन्छ । कवि गोपालप्रसाद रिमालले सरल भाषाशैलीमा भाव र अनुभूतिलाई अत्यन्त सहजतापूर्ण तरिकाले प्रस्तुत गरेका छन् । उनका कविताहरूमा व्यक्त भएको विचार वा धारणाले व्यक्ति तथा समाजलाई प्रभाव पारेको छ । व्यक्तिले भोग्नुपरेको विवशता, बाध्यता, अत्याचारबाट मुक्ति र शान्तिपूर्ण जीवनको परिकल्पना गर्दै उनले सचेतनापूर्वक कवितामा आफ्ना मान्यता एवम् विचार व्यक्त गरेका छन् भन्ने निष्कर्ष रहेको छ ।

**प्रमुख शब्दावली** : क्रान्तिचेत, स्वतन्त्रता,  राष्ट्रिय भाव, संवेदना र हार्दिकता ।

## विषयप्रवेश

वि. सं. १९७५ काठमाडौं लगनटोलमा जन्मेका गोपालप्रसाद रिमाल आधुनिक नेपाली गद्य कविताका प्रवर्तक तथा क्रान्तिधर्मी कविका रूपमा परिचित छन् । स्वच्छन्दतावादी-प्रयोगवादी कविता परम्परामा प्रथम सफल गद्यकविका रूपमा दरिएका रिमाल वि.सं. १९९२ देखि साहित्य रचनामा प्रवृत्त रहेको देखिन्छ । उनका कविताहरूको एकमात्र सङ्ग्रह 'आमाको सपना कवितासङ्ग्रह' (२०१९) प्रकाशन भएको छ । यस कवितासङ्ग्रहले उनको कवित्वलाई सफलताको शिखरमा पुऱ्याएको देखिन्छ । उनका 'मसान', (२००३) 'यो प्रेम !' (२००३) जस्ता उत्कृष्ट नाटकसमेत प्रकाशित छन् ।

नेपाली कविता परम्परामा सुविख्यात गद्यकवि गोपालप्रसाद रिमालद्वारा लिखित कविताहरूको सङ्ग्रह 'आमाको सपना' बहुचर्चित कविता हो । विशेषतः यस कवितामा प्रकृति,  राजनीति र जीवन सम्बद्ध सन्दर्भहरू समेटेका छन् । कवितामा राजनीतिक समस्याबाट मुक्तिको कामना गरिएको छ । मानव जीवनका कमजोर पक्षहरूलाई केलाउँदै सुमधुर भविष्यको परिकल्पना पाइन्छ । आमाले छोराको भविष्य र छोराले आमासँग गरेको स्वतन्त्रताका लागिको संवादलाई कविताको माध्यमबाट प्रस्तुत गरिएको यस कवितामा राष्ट्रिय चिन्तन अभिव्यक्त भएको छ । त्यसैगरी सामाजिक विकृति, विसङ्गति तथा असहमतिहरूको भर्त्सना गर्दै राष्ट्रिय स्वाधीनता र स्वतन्त्रताको स्वर उराल्नु उनका कविताको विशेषता हो । कविले यस कवितामार्फत वैचारिक अनुभूति र इमान्दारितालाई  सुहाउँदो स्थान दिनुका साथै राष्ट्र, राष्ट्रियता र आफ्नो जन्मभूमिप्रति अगाध स्नेहको भाव प्रकट गरेका छन् । युद्ध र क्रान्ति नभई शान्ति हुन्न र पुराना सामन्तीहरूको विनाश नगरी नयाँ राष्ट्र निर्माण हुन सक्दैन भने चेतनाको स्पष्टीकरणले यस कृतिलाई समाजवादी विचारको समीपमा पुऱ्याएको छ । कविले  यसमा समाजबाट अपहेलित श्रमजीवीहरूप्रति सम्मान र सद्भाव प्रकट गर्दै वीरता र साहसको पक्षमा आफूलाई उभ्याएका छन् । यस कवितामा राष्ट्रमा स्वतन्त्रता ल्याउन सर्वसाधारण जनताले क्रान्ति गर्नुपर्ने आवश्यकता अकाट्य रहेको कुरालाई विभिन्न प्रतीक र बिम्बका माध्यमबाट प्रष्ट पार्न खोजिएको छ ।

नेपाली कविता परम्परामा सुविख्यात गद्यकवि गोपालप्रसाद रिमालद्वारा लिखित 'आमाको सपना' बहुचर्चित कविता हो । यो कविता नेपाली कविता परम्परामा नवीनता तथा प्रेम र क्रान्तिको प्रस्तुति गरिएको

✹ **लेखक अनुसन्धानको क्षेत्रमा सक्रिय व्यक्तित्व हुन् ।**

क्रान्तिधर्मी कविता हो । यही कारण यस कृतिले वि.सं. २०१९ मा मदन पुरस्कारसमेत पाउन सफल भएको देखिन्छ। यसरी हेर्दा प्रस्तुत 'आमाको सपना कविता' मा क्रन्तिचेत र राष्ट्रवादी विचार वा भावपक्षको अभिव्यक्ति स्पष्ट रूपमा रहेको पाइन्छ।

**कवितामा विचारसम्बन्धी अवधारणा**

साहित्य जीवन र जगत्को दर्पण हो। साहित्य एक यस्तो भावना विशेष हो जसले भाषाका माध्यमबाट जीवनलाई अभिव्यक्त गर्दछ । साहित्य वा काव्य-रचनाको सुरुवातदेखि नै यस विधाप्रति विभिन्न विद्वान् र चिन्तकहरूले आआफ्ना मान्यताहरू अगाडि सार्दै आएका छन् । जसले (यस रागात्मक विधाले) अर्काको मनलाई जितेर आँसु या हाँसोले स्वागतको अपेक्षा गर्दछ । यसले एकअर्का बीचका भावनालाई नजिक ल्याइदिन्छ । साहित्यलाई एक किसिमले जीवनको पर्याय भन्न पनि सकिन्छ । जीवन सबैभन्दा महत्त्वपूर्ण र महान् छ । यस महत्त्वपूर्ण जीवनलाई साहित्यले मार्गनिर्देशन गर्दछ। यही साहित्यले जीवन जिउने कलाको उत्पत्ति गर्दछ। साहित्य वा काव्य मानव मनबाट उत्पन्न हुने गुत्थी हो । यही गुत्थी नै आनन्दानुभूतिको खानी हो जहाँ जीवनजगत्, कल्पनादेखि लिएर वास्तविकतासम्म पुगेको हुन्छ। साहित्य काल्पनिक हुन्छ तर काल्पनिक हुँदाहुँदै पनि साहित्यले वास्तविकताको रूप लिन पुग्छ।

सामान्यतः व्यक्तिले साहित्यका माध्यमबाट आफ्ना भावनाहरू अरूसम्म पुऱ्याउने गर्छ । त्यस सन्दर्भमा उसले प्रायः सकारात्मक पक्षको नै उद्‌घाटन गरेको पनि पाइएला तर साहित्यमा सदा सकारात्मक पक्ष मात्र हुँदैन, त्यहाँ विद्रोह पनि हुन सक्छ। यो यथार्थता हो । साहित्य परिवेशअनुसार सृजित हुने भावना हो । त्यसैले स्वतन्त्र हुन्छ र हुनुपर्छ।

कविता निश्चित दर्शन वा चिन्तनलाई प्रस्तुत गर्ने उद्देश्यले रचना गरिएको हुन्छ। सूक्ष्म कुराको उठानबाट कवितामा गम्भीर विचार, दर्शन वा चिन्तन व्यक्त गरिएका हुन्छन्। नेपाली साहित्यमा शक्तिशाली वैचारिक कविताको आरम्भ आधुनिक कालमा मात्र भए तापनि यसको बीजारोपण भने अगाडिदेखि नै सुरु भएको पाइन्छ। कविता काव्यको पूर्वाधार संस्कृत साहित्य र वाङ्मय नै हो। वेद, पुराण, ब्राह्मण, उपनिषद् हुँदैं काव्य साहित्य अगाडि बढेको पाइन्छ। गद्य कविताको सुरुवात र मौलिक चिन्तनको आरम्भ नेपाली साहित्यको आधुनिक कालमा भए तापनि काव्यको लोकप्रियता साहित्यको सुरुवातसँगै भएको हो। कविताको शक्तिमार्फत समाजलाई चिनाउने काम त कविताले गर्छ नै यसका साथै खास गरेर नेपाली समाजमा जनचेतनाको अभ्युदय र जनजागरणका पक्षहरू देखिन थालेपछि कविताको लेखनकार्यले गति लिन थालेको हो। तर, छोटो समयको अवधिमा पनि नेपाली गद्य कविता निकै उपलब्धिपूर्ण देखिन्छ। छोटै अवधिमा विविध प्रवृत्तिलाई आत्मसात् गर्दै परिवर्तित समयसँग अगाडि बढ्न सक्नु नै नेपाली कविताको उपलब्धिपूर्ण पक्ष हो भन्न सकिन्छ।

साहित्य र विचारका बीच अनेक प्रकारको सम्बन्ध रहन्छ भन्ने मान्न सकिन्छ। साहित्यको प्राचीन विधा मानिएको कविता अझ सशक्त वैचारिक हुन्छ। प्रायः के मानिन्छ भने साहित्य एक प्रकारको दर्शन हो, यसमा विचारलाई शिल्पको जामा भिराइन्छ अनि यसबाट प्रमुख विचारहरूको प्रदर्शन गर्न सकियोस् भनेर यसको विश्लेषण गरिन्छ। यस प्रकारका सामान्य कारणका रूपमा कलाकृतिहरूको सङ्क्षेपीकरण गर्ने या साररूप प्रस्तुत गर्नका लागि शोधार्थीहरूलाई प्रोत्साहित गर्ने गरिन्छ। धेरै पहिलेका अनुसन्धानहरूमा यस पद्धतिलाई मूढताका सीमासम्म पुऱ्याउने गरिन्थ्यो । यस प्रसङ्गमा मेरो ध्यान खास गरेर सेक्सपियरका बारेमा अनुसन्धान गर्ने जर्मन विद्वान् उलरिचीजस्ता व्यक्तिहरूतिर आकर्षित हुन्छन्, जसले मर्चेन्ट अब भेनिसमा कानूनको जति नै कठोर बन्धन हुन्छ त्यति नै बढी अन्याय भन्ने केन्द्रीय विचार रहेको प्रतिपादन गरेका छन् । यद्यपि आज अधिकांश विद्वान्हरू त्यस्तो अतिशय बौद्धिकीकरणका विरोधी भएका छन् तथापि अझै पनि यस्तो विवेचन प्रस्तुत गरिन्छ, जसमा साहित्यिक कृतिको दार्शनिक ग्रन्थका रूपमा मीमांसा गरिएको हुन्छ (जोशी, २०६६, पृ. १६), कवितामा विचार वा दृष्टिकोणलाई बडो सौन्दर्यपूर्ण ढङ्गले प्रस्तुत गरिएका हुन्छन्। कुनै पनि व्यक्तिले कवितामा जेजे भनिएको छ। त्यसैका दृष्टिले मात्र यसलाई पढ्नु भनेको एकदमै व्यर्थको कुरा जस्तो लाग्छ। यसको गहन भाव बुझ्नु पर्दछ। उनले टी.एस. इलियटका मतमा न सेक्सपियरले न दाँतेले नै कुनै प्रकारको वास्तविक चिन्तन गरेका थिए र भन्ने प्रश्न उठाएका छन् (ज्ञवाली, २०७५, पृ.१२३) । कविता वा काव्यमा कविले मुख्य विषयवस्तु प्रायः अतिरञ्जित गरेका हुन्छन् । यदि हामी ती चर्चित कविताहरूको विश्लेषण गरौं जसको प्रशंसा तिनमा निहित दर्शनका लागि गरिन्छ भने हामीलाई के लाग्छ भने तिनमा मुख्यतः मानवको नश्वरता र भाग्यको अस्थिरताका विषयमा कोरा सामान्य कुरा मात्र गरिएको हुन्छ। पाठकहरूका लागि कविहरूका दिव्य उद्‌गार जस्ता लाग्ने आप्तवचन अन्त्यतः प्रायः प्राथमिक सत्यको कोरा सूत्र बनेर रहन जान्छन् । यदि हामीले केही सामान्य स्थापनाहरू जस्तो किट्सको सत् छ सुन्दर सुन्दरै छ सत् भन्ने वाक्यलाई झिकिदिने हो भने तापनि हामीलाई कलाको स्थायित्व र मानवीय भावना तथा प्राकृतिक सौन्दर्यको

अस्थिरताको दिग्दर्शन गराउने कुनै कविताको निष्कर्ष जस्तो नलागोस् तबसम्म हामी सत् छ सुन्दर सुन्दरै छ सत् मान्ने यस मान्यताको जस्तो लाग्छ त्यस्तै अर्थ निकाल्नेछौं (ज्ञवाली, २०७५, पृ.१२४) । साहित्यको विवेचना त्यसलाई विचार र दर्शनको इतिहासका एक दस्तावेज रूप मानेर गर्न सकिन्छ भन्ने कुरामा कुनै सन्देह छैन । साहित्यको इतिहास बौद्धिक इतिहासका समानान्तरमा चलिरहन्छ। त्यसमा बौद्धिक इतिहासको प्रतिबिम्ब विद्यमान रहन्छ। केही स्पष्टोक्ति र प्रसङ्गहरूबाट कहिलेकाहीँ के प्रस्ट हुन्छ भने कुन कविको कुन खास दर्शनप्रति विश्वास छ अथवा उसलाई कुनै युग विशेषमा निकै चर्चित कुनै दर्शनबारे राम्रो जानकारी छ। कमसे कम पनि उसलाई त्यस दर्शन वा मोटामोटी ज्ञान छ भन्ने प्रमाणित हुन्छ। कविता कुनै न कुनै वाद वा धारामा देखिन्छ।

लवज्वायले आफ्नो ग्रन्थ अस्तित्वको विराट परम्परामा बडो विलक्षणताका साथ यसको प्रभावोत्पादकताको राम्रोसँग दिग्दर्शन गरेका छन्। त्यस पुस्तकमा उनले प्लेटोदेखि शेलिङसम्मका साहित्यमा प्रयुक्त विचारको स्वरूप निर्धारण गरेका छन् । शुद्ध दर्शन, विज्ञान, धर्मशास्त्र र साहित्यसम्बन्धी चिन्तनमा समेत उनले विचार तत्त्वको खोजी गरेका छन् । उनको यो खोजपद्धति दुई दृष्टिकोणबाट ऐतिहासिक पद्धतिभन्दा भिन्न छ (ज्ञवाली, २०७५, पृ.१२६) । लवज्वायले दर्शनसम्बन्धी इतिहासका अध्ययनलाई महान् चिन्तकहरूसम्म मात्र सीमित गरेका छन् र आफ्नो विचारको इतिहासमा साना चिन्तकहरू र कविहरूलाई पनि सामेल गरेका छन्। उनको कथनअनुसार यी साना विचारक र विवेचना गर्ने सन्दर्भमा बौद्धिक इतिहासका समस्याहरूको निरन्तर विवेचना गर्नुपर्ने, वास्तवमा समालोचनाको इतिहास सौन्दर्य शास्त्रीय चिन्तनको नै एउटा अङ्ग हो भनेका छन्।

अङ्ग्रेजी साहित्यको विवेचना दर्शनका इतिहासको प्रतिबिम्ब आउने गरी पनि भन्ने कुरामा सन्देह छैन । जस्तो पुनर्जागरणकालीन प्लेटोवादको प्रतिबिम्बकालीन कवितामा भरिभराउ छ। स्पेन्सरले आफ्ना चार कवितामा तत्त्वका माध्यमबाट स्वर्गीय सौन्दर्यसम्म पुग्ने नवप्लेटोवादी उद्भवक्रमको गरेका छन्। फेयरी क्वीनमा उनले प्रकृति र नश्वरताका द्वन्द्वलाई समाप्त हुँदै एउटा नित्य र अपरिवर्तनीय सत्ताको समर्थन गरेका छन् । मार्लोका रचनामा समकालीन इटालीको नास्तिकतावाद र सन्देहवादको ध्वनि प्राप्त हुन्छ। शेक्सपियरसम्ममा पनि पुनर्जागरणकालीन नवप्लेटोवादका अनेक लक्षण देखापर्छन् । उसको उदाहरण ट्रायलसको युलिसिससम्बन्धी प्रसिद्ध व्याख्यान हुनसक्छ। त्यसबाहेक सेक्सपियरमा मोन्टेन र स्टोइक (सुखवादी) दार्शनिकहरूका केही मधुर ध्वनि सुन्न सकिन्छ। उनका संवेदनामा आधुनिक विज्ञानको कति गहिरो प्रभाव परेको छ त्यसको खोजी हामीले गर्नैपर्छ साथै पादरी र तार्किकहरूबारे उनले गरेका अध्ययनलाई त्यहाँ देख्न सकिन्छ। मिल्टनले त आफ्नो एउटा नितान्त भिन्न धर्मशास्त्र सृष्टि विज्ञानको चर्चा गरेका छन्, जसको एउटा अर्थ के पनि निकाल्न सकिन्छ भने त्यसमा भौतिकवाद र अरिस्टोटलका विचार दुवैको समन्वय छ र ती दुवैलाई प्रस्तुत गरेका छन्।

कवितामा प्रयुक्त विषयवस्तुको भाव वा विचार कविताको महत्त्वपूर्ण तत्त्व हो । कवितामा जीवन जगत्सम्बन्धी विषयवस्तु, प्रकृति, मानव समाज, धर्म, संस्कृति, राजनीति, अर्थनीतिजस्ता अनेक पक्षमध्ये एक पक्षमा विषयवस्तुको भाव वा विचारलाई सशक्त प्रस्तुत गरिएको हुन्छ । कवितामा सिधै आत्मालाप, कथनात्मक आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवन जगत्को कथन गरे पनि मूल चुरो भाव वा विचार नै हो। मानवीय अनुभव जीवनको समग्रता र जीवन सन्दर्भको विराट्तालाई क्रमशः अँगाल्दै कविताको कथ्य, विषयवस्तु र भाव विधानका आयामका दृष्टिले उच्च र सामान्य बन्दछन्।

कविताको शीर्षकले यसको विचारको भाव बोकेको हुन्छ। कविको मूल उद्देश्य नै कविताको वैचारिक पक्षको अभिव्यक्ति हो । कविले कवितामा आफ्नो चिन्तन, चेतना र विचारलाई प्रस्तुत गरेका हुन्छन् । कवि गोपालप्रसाद रिमालले नेपाली साहित्यमा आधुनिकतासमेत भित्र्याई नेपाली साहित्यमा गद्य कविताको आरम्भ गरेका हुन्। स्वच्छन्द गद्य कविताको आरम्भकर्ताका रूपमा ख्याति कमाएमा गोपालप्रसाद रिमालका आमाको सपना कवितामा अन्याय र अत्याचारप्रतिको आक्रोशपक्ष, आधुनिकताको चिन्तन, शासकीय दमन र क्रान्ति आह्वान, स्वतन्त्रता र प्रजातन्त्र प्राप्तिको कामना, स्वच्छन्दतावादी विचार प्रवाह तथा अगाध प्रकृति प्रेमजस्ता वैचारिकता व्यक्त भएको पाइन्छ। यसरी साहित्य वा काव्यमा विभिन्न समयका दार्शनिक तथा कविहरूले आआफ्ना विचारलाई कुनै वाद नजिक राखेर प्रस्तुत गरेका हुन्छन् जुन कविकै प्रवृत्तिका रूपमा आएका हुन्छन्। त्यसैले कवितामा प्रयुक्त विषयवस्तुको भाव वा विचार कविताको महत्त्वपूर्ण तत्त्व हो। कवितामा जीवन जगत्सम्बन्धी विषयवस्तु, प्रकृति, मानव समाज, धर्म, संस्कृति, राजनीति, अर्थनीति जस्ता अनेक पक्षमध्ये एक पक्षमा विषयवस्तुको भाव वा विचारलाई सशक्त प्रस्तुत गरिएको हुन्छ । कवितामा सिधै आत्मलाप कविता कथनात्मक आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवन जगत्को कथन गरे पनि मूल चुरो तथा केन्द्रीय कथ्य भाव वा विचार नै हो। मानवीय अनुभवको क्षण विशेष एक स्वास मनोदशा जीवनकै एक भाग जीवनको समग्रता र जीवनसन्दर्भको विराट्तालाई क्रमशः अँगाल्दै कविताको कथ्य, विषयवस्तु र भाव विधानका आयामका दृष्टिले उच्च र सामान्य बन्दछन्। त्यसैले

कवि गोपालप्रसाद रिमालको मूल प्रवृत्तिका आधारमा उनको विद्रोह, स्वच्छन्दता तथा क्रान्तिधर्मिताजस्ता विषयवस्तुलाई हेरी आमाको सपना कवितामा प्रयुक्त विषय, भाव वा विचारलाई विश्लेषण गरिएको छ।

**आमाको सपना कवितामा विचार पक्ष**

'आमाको सपना' शीर्ष कविता वि.सं. २००० कार्तिकको शारदा पत्रिकामा प्रकाशित भएको हो। यस कवितामा अन्याय र अत्याचारप्रतिको आक्रोश, आधुनिकताको चिन्तन, शासकीय दमन र क्रान्तिको आह्वान, स्वतन्त्रता र प्रजातन्त्र प्राप्तिको कामना तथा स्वतन्त्रतावादी विचार प्रवाहजस्ता तत्त्व भेटिन्छन्।

रिमालले वि.सं. २००० अघिदेखि नै देख्न थालेका सपनाहरूको ऊर्ध्वगामी सपना आमाको सपना हो। यस कवितामार्फत रिमाल नेपाली जनक्रान्तिको निकट सम्भावनालाई देख्न पुग्छन्। रिमालको आमाको सपना कविता यौवनभरिको सपना मात्रै नभएर जीवनभरिकै सपना हो। उनी देशलाई जहानियाँ राणाशासनबाट मुक्त भएको हेर्न चाहन्थे। त्यसैको भाव यस कवितामा पाइन्छ। रिमालका सम्पूर्ण कविताको श्रेणीमा प्रस्तुत कविता शीर्ष कविता हो। यो प्रतिनिधि कविताकै नामबाट कवितासङ्ग्रहको नामकरण गरिएको छ। देशलाई आमाका रूपमा प्रस्तुत गर्दै क्रान्तिधर्मी छोराको संवादका माध्यमबाट यस कवितामा क्रान्तिचेत प्रस्तुत गरिएको छ।

कविले यस कवितामा अन्याय र अत्याचारप्रतिको आक्रोश क्रान्तिधर्मिताबाट प्रस्तुत गर्दै कवितामा आमा र छोराको स्वच्छन्दवादी विचार प्रस्तुत गरेका छन्। भावका रूपमा आएको अन्याय र अत्याचारप्रतिको आक्रोश पक्षलाई कवितामा यसरी प्रस्तुत गरिएको छ -

आमा त्यो आउँछ र ?
हो बा त्यो आउँछ
.....
हेरौला, त्यो हुरी भएर आउनेछ
तिमी पात भएर पछ्याउनेछौ। (रिमाल, २०७६, पृ. २)

कवितामा आधुनिकताको चिन्तन, शासकीय दमन र क्रान्तिको आह्वानको विचारलाई पनि अभिव्यक्त गरिएको छ। जसलाई कवितामा यसरी प्रस्तुत भएको गरिएको छ -

उहिले त्यो जीवनलोकबाट झरेर जूनजस्तै पोखिँदा
सारा जडता सम्बगाएको थियो, बा
त्यो आउनेछ, तिमी उठ्नेछौं !। (रिमाल, २०७६, पृ. २)

प्रस्तुत साक्ष्यमा स्वच्छन्तावादी विचारसँगै कल्पनाको प्रयोग गरिएको छ। क्रान्ति ल्याउनका लागि तम्तयार भएको र सबै देशभक्त नागरिकले त्यसलाई आत्मसात् गर्दै पछ्याउनेछन् भन्ने भाव यहाँ व्यक्त भएको छ।

कविताले देशको स्वतन्त्रता र प्रजातन्त्र प्राप्तिको कामना गरेको छ। आमजनताले स्वतन्त्रतापूर्वक बाँच्न पाउनुपर्छ भन्दै कवितामा प्रयुक्त स्वतन्त्रतावादी विचार यसरी आएको छ -

हो त्यो आउँछ
त्यो बिहानको सूर्यझैं उज्यालो छर्दै आउँछ
अब म उठें, गएँ। (रिमाल, २०७६,पृ. ३)

माथिको साक्ष्यले आम जनतामा क्रान्तिको चेत आइसकेकाले शासकीय दमनका विरुद्ध क्रान्ति आह्वान गर्दै स्वतन्त्रता र प्रजातन्त्र प्राप्तिको कामनासमेत गरेको छ। क्रान्तिद्वारा प्रजातन्त्र प्राप्तिलाई उज्यालो र स्वतन्त्र बिहानीको संज्ञा दिइएको छ भन्न सकिन्छ।

यस कवितामा कविले अत्याचार र शासकीय दमनको विरोध गर्दै क्रान्तिमार्फत् स्वतन्त्रता र प्रजातन्त्र प्राप्त गरेरै छोड्ने सपनासँगै शासकलाई क्रान्तिका लागि चुनौती दिएका छन्। यो नै कवितामा प्रयुक्त मूल भाव वा विचार हो।

आमाको सपना कवितामा प्रयुक्त क्रान्तिचेत, स्वतन्त्रता र राष्ट्रिय भाव वा वैचारिक पक्ष प्रबल भएर देखापरेको पाइन्छ। उनका कवितामा प्रयुक्त शब्द बिम्ब, प्रतीक, भाव र अर्थमा सुन्दर संयोजन छ। उनका कवितामा संवेदना, हार्दिकता एवम् कलात्मकताको सुन्दर संयोजन पनि छ। मूलतः नेपाली समाज र नेपाली मात्र नभई समस्त मानव सभ्यताको उत्पीडन विरुद्ध विद्रोहको स्वर पाइन्छन्। रिमालको सृजनात्मक व्यक्तित्व अन्याय र अत्याचारका विरुद्ध हरदम सजगतापूर्ण ढङ्गले उपस्थित छ। राष्ट्रवादी विचारको अभिव्यक्ति, आशावादी जीवनदृष्टि, प्रकृति चित्रण, विद्रोही भाव, यथार्थको चित्रण, प्रणय-प्रेमको चित्रण, प्रगतिवादी चेतना, मानवतावादी विचारको अभिव्यक्ति,

साझा संवेदना, मानवीय अनुभूति, जीवनवादी दृष्टिकोण, विचारमा स्पष्टता, परिष्कार आदि उनका कवितात्मक विशेषताहरू हुन् । उनका रचनाहरूमा राष्ट्रवादी विचार, प्रकृति चित्रण, सामाजिक यथार्थता, मानवतावादी स्वर, समसामयिक चेतना, प्रगतिवादी चेतना, व्यङ्ग्यात्मकता आदि प्रवृत्तिहरू पाइन्छ ।

कवि गोपालप्रसाद रिमालले सरल भाषा शैलीमा भाव र अनुभूतिलाई अत्यन्त सहजतापूर्ण तरिकाले प्रस्तुत गरेका छन् । उनका कविताहरूमा व्यक्त भएको विचार वा धारणाले व्यक्ति तथा समाजलाई प्रभाव पारेको छ । व्यक्तिले भोग्नु परेको विवशता, बाध्यता, अत्याचारबाट मुक्ति र शान्तिपूर्ण जीवनको परिकल्पना गर्दै उनले सचेतनापूर्वक कवितामा आफ्ना मान्यता एवम् विचार व्यक्त गरेका छन् ।

विशेषतः उनका कवितामा प्रकृति,  राजनीति र जीवन सम्बद्ध सन्दर्भहरू समेटेका छन् । यस कवितामा राजनीतिक समस्याबाट मुक्तिको कामना गरिएको छ । मानव जीवनका कमजोर पक्षहरूलाई केलाउँदै सुमधुर भविष्यको परिकल्पना पाइन्छ । त्यसैगरी सामाजिक विकृति, विसङ्गति तथा असहमतिहरूको भर्त्सना गर्दै राष्ट्रिय स्वाधीनता र स्वतन्त्रताको स्वर उराल्नु आमाको सपना कविताको विशेषता हो । कविले वैचारिक अनुभूति र इमान्दारितालाई  सुहाउँदो स्थान दिनुका साथै राष्ट्र, राष्ट्रियता र आफ्नो जन्मभूमिप्रति अगाध स्नेहको भाव प्रकट गरेका छन् । युद्ध र क्रान्ति नभई शान्ति हुन्न र पुराना सामन्तीहरूको विनास नगरी नयाँ राष्ट्र निर्माण हुन सक्दैन भने चेतनाको स्पष्टिकरणले यस कृतिलाई समाजवादी विचारको समीपमा पुऱ्याएको छ । कविले यसमा समाजबाट अपहेलित श्रमजीवीहरूप्रति सम्मान र सद्भाव प्रकट गर्दै वीरता र साहसको पक्षमा आफूलाई उभ्याएका छन् । यस कवितामा राष्ट्रमा स्वतन्त्रता ल्याउन सर्वसाधारण जनताले क्रान्ति गर्नुपर्ने आवश्यकता अकाट्य रहेको कुरालाई विभिन्न प्रतीक र बिम्बका माध्यमबाट प्रष्ट पार्न खोजिएको छ ।

प्रस्तुत कवितामा मूल भाव र वा विचारका रूपमा अन्याय, अत्याचार, दमन, शोषण, निरङ्कुश अधिनायकी विरुद्ध आवाज उठाँउदै यथास्थिति, विवशता, बाध्यता र सन्त्रासबाट मुक्तिको लक्ष्यसहित सिर्जना कर्मलाई गति प्रदान गरिएको छ । यसैगरी  आमाको सपनामार्फत् मानवजातिलाई आफ्नो परिचयको खोजी गर्न र अस्तित्व रक्षार्थ गर्न हौसला पनि प्रदान गरेका छन् । साथै विद्रोह, आक्रोश, परिवर्तनको चाहना र मुक्तिसङ्घर्षले उनका कवितामा आधार प्राप्त गरेका छन् । तसर्थ वैचारिक दृष्टिले हेर्दा आमाको सपना कविताले पृथक् भाव, विचार र अनुभूतिको धरातलमा क्रान्ति, सङ्घर्ष एवम् राजनीतिको विषयमा बहस गर्दागर्दै शान्तिको नयाँ संसार नियालेका छन् भन्ने सार प्राप्त भएको छ ।

उनका कविताहरूमा व्यक्त भएको विचार वा धारणाले व्यक्ति तथा समाजलाई प्रभाव पारेको छ । व्यक्तिले भोग्नुपरेको विवशता, बाध्यता, अत्याचारबाट मुक्ति र शान्तिपूर्ण जीवनको परिकल्पना गर्दै उनले सचेतनापूर्वक कवितामा आफ्ना विद्रोह र क्रान्तिधर्मी मान्यता एवम् विचार अभिव्यक्त गरेका छन् ।

## निष्कर्ष

नेपाली साहित्यमा आधुनिक कविताका प्रवर्तक गोपालप्रसाद रिमालका कविताहरू नेपाली साहित्यमा क्रान्तिकारी महत्त्व राख्ने कविता हुन् । उनका कवितामा नेपाली समाजको तत्कालीन प्रजातान्त्रिक आन्दोलनको मूलप्रवाह छ । उनी राणाविरोधी क्रान्तिकारी आन्दोलनमा लागेका प्रमुख कवि हुन् । देवकोटा, सिद्धिचरण आदिका कविताका तुलनामा रिमालका कविताका भाव प्रजातन्त्रपट्टि बढी केन्द्रित छन् । रिमालबाहेक अरू कविहरूले राणाविरोधी कविता नै लेखेनन् भन्ने होइन तर जसरी रिमालका कवितामा त्यस समयको प्रतिबिम्ब झल्किन्छ त्यही दिशा र त्यही गतिमा अन्य कसैको पनि कलम तीव्र गतिमा चलेको पाइँदैन ।

रिमालले क्रान्तिकारी युगीन चेतनालाई प्रवाहित गर्ने कदमलाई अगाडि बढाइरहे । उनी यथास्थितिवादी मोहनिद्रालाई लत्याउँदै राष्ट्रको नयाँ सङ्क्रमणशील परिस्थितिप्रति सचेत भएका प्रजातान्त्रिक प्रवृत्तिका साहसी प्रयोगकर्ता हुन् । रिमालको आमाको सपना कविता युगान्तकारी चेतनाका संवाहक बनेको छ । उनले पुरातनवादी युगलाई अन्त्य गरेर नयाँ प्रजातान्त्रिक युगलाई आह्वान गर्ने ध्येयले आफ्ना कवितामा पनि उदीयमान शक्तिप्रति भरोसा प्रकट गर्दछन् । उनले आमाको सपनामार्फत् गतिहीन र जडवत् समाजलाई चेतनशील ऊर्जा थप्दै राणाविरोधी स्वतन्त्र जीवनतर्फ सङ्क्रमणका लागि आह्वान गरेका छन् । त्यसरी राणाहरूको विरोध गर्दै युगीन चेतनाप्रवाह गर्ने कवि रिमालका कवितात्मक विषयवस्तुका रूपमा प्रेम, मातृत्व, क्रान्ति, सामाजिक दुःख-दर्द एवं सुखी संसारको चित्रण भएको छ ।  रिमालले कवितामार्फत विद्रोही भाव र युगीन चेतनालाई क्रान्तिका विचारमार्फत कवितामा जे जसरी गरे पनि त्यसको भने एउटै स्वर रहेको पाइन्छ । रिमालले रचना गरेका कविताका सन्दर्भहरू प्रतिक्रान्तिलाई होइन, पूर्ण क्रान्तिलाई सम्बोधन गरेका छन् । अतीतलाई भन्दा भविष्यलाई विशेष महत्त्व दिने कवि रिमाल स्वप्नदर्शी, कल्पनाशील एवं प्रजातन्त्रप्रेमी निर्विवाद मानिन्छन् । कवि रिमाल आफ्ना युगका युगसंवाहक कवि एवं युगीन चेतनालाई प्रवाहित गर्ने अग्रगामी कवि भएको पनि उनका कविताभित्र भेटिने प्रकृतिप्रेम, स्वच्छन्दता, युगबोध र

क्रान्तिधर्मिताले तत्कालीन समाजको स्पष्ट चित्रण गरेको छ। यसरी हेर्दा कवि गोपालप्रसाद रिमालको 'आमाको सपना' कवितामा उनले तत्कालीन समाजको अवस्थालाई चित्रण गर्दै त्यसप्रतिको असहमति, विद्रोहको स्वर उजागर गरेका छन् ।

**सन्दर्भ सामग्री**

उपाध्याय केशवप्रसाद, (२०५८), साहित्य प्रकाश, पाँचौ संस्करण,ललितपुरः साझा प्रकाशन ।
ज्ञवाली, भगवानचन्द्र अनु., ( २०७५), साहित्य सिद्धान्त अनु.,काठमाडौं : जनता प्रसारण तथा प्रकाशन लि.।
त्रिपाठी, वासुदेव र अन्य, (सम्पा.२०५३), नेपाली बृहत् शब्दकोश, दोस्रो संस्करण काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
त्रिपाठी वासुदेव र अन्य, (२०६५), नेपाली कविता भाग - ४, पुल्चोक :साझा प्रकाशन ।
थापा मोहनहिमांशु,(२०६६), साहित्य परिचय, पाँचौ संस्करण, काठमाडौं : साझा प्रकाशन ।
बराल, ईश्वर आदि. (सम्पा.), (२०५५), नेपाली साहित्यकोश, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
रिमाल, गोपालप्रसाद (२०७६) आमाको सपना , नवौं संस्क, ललितपुर : साझा प्रकाशन ।
लुइटेल खगेन्द्रप्रसाद, (२०६०), कविता सिद्धान्त र नेपाली कविताको इतिहास, काठमाडौं : ने.रा.प्र.प्र., ।